नेपाल सरकार

युवा, श्रम तथा रोजगार मन्त्रालय

सिंहदरबार, काठमाडौं
नेपाल ।

पत्र संख्या:-
चलानी नं.:-

प्रेस विज्ञप्ती

मलेसियाको FWCMS पोर्टलमा "Registered Recruitment Agencies" मार्फत मलेसिया जाने नेपाली श्रमिकहरुलाई २५ वटा नेपाली वैदेशिक रोजगार व्यवसायी संस्थाहरूको सूची प्रकाशित गरी सोही इजाजतपत्र प्राप्त संस्थाहरुबाट मात्र श्रमिक पठाउने गरी एकाधिकार वा सिन्डिकेट गर्न लागेको भन्ने विषयमा विभिन्न सञ्चार माध्यममा आएका समाचारहरुको सन्दर्भमा मन्त्रालयको ध्यान आकर्षण भएको छ।

यस सन्दर्भमा आज मिति २०८३/०५/०६ मा नेपाल सरकार युवा, श्रम तथा रोजगार मन्त्रालयका माननीय मन्त्रीज्यूले नेपालका लागि मलेसियाका कार्यवाहक राजदूत H.E. Mr. Mohd Firdaus Azman सँग भेट तथा छलफल र परामर्श गर्नु भयो। साथै, यस विषयमा मन्त्रालयको धारणा र चासो समेत राख्नु भयो। उक्त द्विपक्षीय छलफलमा श्रम आप्रवासन सम्बन्धी दुई देशका मुद्दाहरु आपसी द्विपक्षीय छलफल, परामर्श र सहमतिका आधारमा मात्र अगाडि बढाउन सकिने विषय मलेसिया सरकारलाई अवगत गराइदिनुहुन समेत अनुरोध गर्नुभएको छ। साथै, द्विपक्षीय श्रम सम्झौतामा भएको व्यवस्था अनुसार संयुक्त प्राविधिक समितिबाट यस प्रकारका विषयवस्तुहरु छलफल तथा वार्ताका माध्यमबाट टुङ्ग्याउन सकिने विषयमा समेत समझदारी भएको विषय जानकारी गराइन्छ।

अतः उल्लिखित सन्दर्भमा नेपालले अवलम्बन गरेको श्रम तथा रोजगार सम्बन्धी नीति, वैदेशिक रोजगार ऐन तथा नियमावली, द्विपक्षीय सन्धि सम्झौता र अन्तर्राष्ट्रिय कानूनको परिधिमा रही मन्त्रालयबाट दुई देशबीचको आपसी सहमतिमा उपयुक्त निष्कर्षमा पुग्ने विषयमा सम्बद्ध सबैमा जानकारी गराउँदछौं। साथै, यस विषयमा नेपाली श्रमिकको हकहित सुरक्षित हुने गरी आवश्यक कूटनीतिक पहल हुने सम्बद्ध सबैमा जानकारी गराउँदछौं।

मिति २०८३/०५/०७ गते
११४६ गुलाब दशमी

(पितम्बर घिमिरे)
प्रवक्ता/सहसचिव

नोट : यस मन्त्रालयबाट मिति २०८३/०५/०६ गते प्रकाशित **प्रेस विज्ञप्ती**मा नेपालका लागि मलेसियाका कार्यवाहक राजदूत H.E. Mr. Mohd Firdaus Azman हुनुपर्नेमा अन्यथा भएकोले सच्याइएको छ।